# आयआर्जनको लागि भेडापालन कार्यक्रम संचालन कार्यबिधी

२०७७

पाथीभरा याङवरक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

थेचम्बु ताप्लेजुङ्ग

# आयआर्जनको लागि भेडापालन कार्यक्रम संचालन कार्यविधी २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०२/२०

१. भूमिका

नेपालको कुल ग्रहस्थ उत्पादनमा पशुपालन क्षेत्रको करिव ११ प्रतिशत योगदान रहेकोमा अझ बृद्धि गर्दै लैजान र पशुपालन क्षेत्रलाई निर्वाहमुखिबाट ब्यवसायिकरण तर्फ उन्मुख गर्न आवश्यकता महशुस गरी लोपउन्मुख अवस्थामा रहेको भेडापालन ब्यवसायलाई स्थापित गर्न आवश्यक महशुस गरिएको छ । यसका लागि उन उत्पादन, प्रशोधन, बजारीकरण गरी कम आयश्रोत भएका समुदायलाई थप सहयोग गरी अझ बढी प्रभावकारी तथा पारदर्शी रुपमा लक्षित बर्ग सम्म पुऱ्याउन आयआर्जनको लागि भेडापालन कार्यक्रमलाई आर्थिक उपार्जन, स्वरोजगार प्रबर्द्धन गरिबी न्यूनीकरणको माध्यमबाट राष्ट्रिय अर्थव्यवस्थामा ठोस योगदान पुऱ्याउन पाथीभरा याङवरक गाउँपालिकाको प्रतिबद्धता, निति तथा कार्यक्रमलाई सहज, सरल, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न आयआर्जन भेडापालन कार्यक्रम संचालन कार्यविधी २०७७ जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधीको नामः- लक्षित बर्ग आयआर्जन भेडापालन कार्यक्रम संचालन कार्यविधी २०७७ रहेको छ

(ख) यो कार्यविधी पाथिभरा याङवरक गाउँकार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः- बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "गाउँपालिका" भन्नाले पाथिभरा याङवरक गाउँपालिका थेचम्बु ताप्लेजुङ्गलाई सम्झनु पर्दछ ।

(ख) "कृषक" भन्नाले पशुपन्छीपालक तथा उत्पादनमा प्रत्यक्षय संलग्न भएको कृषक समुह वा ब्यात्तीलाई जनाउने छ ।

(ग) "वडा" भन्नाले पाथिभरा याङवरक गाउँपालिका भित्रका वडाहरुपलाई सम्झनु पर्दछ।

(घ) " संबिधान" भन्नाले नेपालको संबिधानलाई सम्झनु पर्दछ ।

(ङ) " भेडा पालक कृपक समुह" भन्नाले भेडापालन पेशामा संलग्न भई एउटै गाउँटोलका मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहना भएका न्यूनतम ३५ जना वा सो भन्दा बढी ब्यक्तीहरु मिली साझा उद्देश्यहरु प्राप्त गर्न सामुयिक प्रयासद्वारा हासिल गर्न बनाईएको संगठनलाई जनाउने छ ।

(च) "समुहको बिधान" भन्नले सामुयिक उद्देश्य प्राप्तिका लागि क्रियाकलाप संचालन गर्न बनाईएको नियम तथा कानूनको दस्तावेजलाई जनाउने छ ।



पाथीभरा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थेचम्बु, ताप्लेजुङ प्रदेश नं. १, नेपाल

(छ) "हितकोष" भन्नाले कुनै पनि कार्यक्रम आयोजना, योजना, परियोजना संचालन गर्न नगद वा जिन्सी, ऋण लगानी, लगानीका रुपमा रहेको नगद वा पूँजी समेतलाई जनाउने छ ।

३. उद्देश्य

(क) गाउँपालिकाको बिद्यामान पशुपालन निति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

(ख) भेडापालन ब्यवसायलाई सहजीकरण, प्रवर्द्धन एवं ब्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधी, सिपलाई लक्षित बर्ग सम्म पुऱ्याउन सहयोग स्वारुप टेवा प्रदान गर्ने ।

(ग) भेडापालन ब्यवसायबाट थप रोजगारीका अवसरहरु सिर्जना गरी जिबन स्तरमा सुधार गर्ने ।

(घ) भेडाजन्य उत्पादनको परिमाण र गुनस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्यूनिकरण गर्ने ।

(ङ) लोपउन्मुख अवस्थामा रहेको भेडापालन ब्यावसाय र राडी पाखी बुन्ने सिपको संरक्षण हुनु ।

४. कार्यक्रम अन्तरगत गरिने क्रयाकलापहरु

यो कार्यविधी अन्तरगत रहि संचालन गरिने क्रियाकलापहरु निम्न अनुसार छन ।

(क) समुह गठन र अभिमुखिकरण

(ख) भेडाका छतौरी (भेडी) खरिद, ढुवानी तथा बितरण

(ग) सियरिङ्ग सिजर बितरण

(घ) ऊन कोर्ने काईयो बितरण

(ङ) ऊन केलाउने कोरेसो बितरण

(च) भेडाको थुमा बितरण

(छ) भेडामा अन्तरिक तथा बाह्य परजिबी नियान्त्रण औषधी बितरण

## परिच्छेद - २

## कार्यक्रम संचालन बिधी

५. कार्यक्रम संचालन सम्वन्धि ब्यवस्था

५.१ यो कार्यक्रम पहिलो चरणमा पाथिभरा याङवरक गाउँपालिका वडा नं. १, नाङखोल्याङ्ग र वडा नं. २, थेचम्बुमा संचालन गरिने छ । आगामी वर्ष क्रमिक रूपमा आवश्यकता अनुसार अन्य वडाहरुमा समेत बिस्तार गरिन्दै लगिनेछ ।

५.२ कार्यक्रम संचालनका लागि समुदायबाट निवेदन गाउँपालिकाको पशु सेवा सेवा शाखामा दिनु पर्ने छ । पशु सेवा शाखाबाट सम्भाब्यता अध्यान गरी उपयुक्त भएमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

५.३ कार्यक्रम पशु सेवा शाखाबाट समुह गठन, सम्झौता लगाएतका प्रकृया पुरा गरी कार्य संचालन हुनेछ ।

५.४ पाथीभरा याङवरक गाउँपालिकको कृषि प्रवर्द्धन कोषमा रहेको रकम पशु सेवा शाखा मार्फत भेडा पालन कार्यक्रम संचालन गरिने छ ।

५.५ भेडापालन कृषक समुहमा समावेश हुन निम्न मापदण्ड पुरा भएको हुनु पर्दछ ।



पाथीभरा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

(क) भेडा पाल्न उपयुक्त ठाउँका एकल महिला, दलित, जनजाति तथा न्यून आय भएका ।

(ख) उक्त समुदायमा कम्तिमा ३५ घरपरिबार भेडा पाल्न इच्छुक हुनु पर्ने ।

(ग) सो स्थानमा ऊन प्रसोधन गरी राडी पाखी बन्न जान्ने हुनु पर्ने ।

(घ) तोकिएको अवधि सम्म भेडापालन गर्न इच्छुक ।

(ङ) कम्तिमा लगानीको १५ प्रतिशत सो लगानी गर्न इच्छुक हुनु पर्नेछ ।

५.६ छनौट भइ समुह गठन भएका भेडापालक कृषक समुहले समुहका अध्यक्ष, कोषाध्यक्ष र पशु सेवा शाखा कर्मचारीको संयुक्त दस्तखतमा गाउँपालिका नजिक रहेको बैकमा खाता खोल्नु पर्नेछ ।

५.७ कार्यक्रम संचालनका लागि अनुदान रकम कार्यालयले समुहको खातामा जम्मा गरिनेछ । कूल अनुदान रकमको ५० प्रतिशत पहिलो किस्ताको रुपमा उपलब्ध गराइनेछ र बाँकी रकम भेरीफिकेशन र कार्य सम्पादन मूल्याङ्कनका आधारमा बैक खातामा भुक्तानी दिइनेछ ।

५.८ कार्यक्रममा सहभागि हुने समुहका कृषकहरुले खरिद गरिएका भेडीहरुको अनिवार्य रूपमा बिमा गर्नु पर्नेछ ।

६. आर्थिक नर्मस

भेडापालन कार्यक्रम

| सि.नं. | अनुदान बिबरण | इकाई | परिमाण | दर रु. | कार्यालयबाट | समुहबाट | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १ | समुह गठन खर्च | संख्या | २ | ३०० | ६,००० | - | ६,०००/- |
| २ | भेडी खरिद | संख्या | ७० | १०,००० | ७,००,००० | १,७५,००० | ८,७५,००० |
| | जम्मा रु. | | | | ७,०६,००० | १,७५,००० | ८,८१,००० |

७. अनुगमन मुल्याङ्कन तथा प्रतिबेदन

यस कार्यक्रमको अनुगमन, मूल्याङ्कन पाथिभरा याङवरक गाउँपालिका, पशु बिकास कार्यदल र पशु सेवा शाखाले गर्नेछ । मासिक, चौमासिक, बार्षिक प्रगति प्रतिबेद पशु सेवा शाखा मार्फत गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

८. थपघट वा हेरफर गर्न सकिने

१. यो कार्यबिधीको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आबश्यकता अनुसार थपघट, हेरफेर तथा खरेजी गर्ने सक्नेछ ।

२. यस कार्यक्रमको कार्यन्वयनमा कुनै बाधा, अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फूकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले आबश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

अनुसुची १

समझौता पत्र

जिल्ला ताप्लेजुङ्ग पाथिभरा याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७६/०७७ को बार्षिक कार्यक्रम अनुसार कृषि प्रबर्द्धन कार्यक्रम अन्तरगत कार्यक्रम लक्षित बर्ग आयआर्जन भेडापालन कार्यक्रमका लागि पाथिभरा याङवरक गाउँपालिका वडा नं. ....., गठित श्री ........................भेडापालन कृपक समुह ( यस पछि दोस्रो पक्ष भनिने) र पाथिभरा याङवरक गाउँपालिका वा पशु सेवा शाखा थेचम्बु ( यस पछि पहिलो पक्ष भनिने ) बीच तपशिलका सर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता भएको छ । बाँकि रकम भेरीफिकेशन र कार्य सम्पादन मूल्याङ्कनका आधारमा बैक खातामा भुक्तानी दिइनेछ ।

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोस्रो पक्षको जिम्बेवारी हुनेछ ।
२. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्न बापत दिइने अनुदान रकम पशु सेवा शाखाको कर्मचारी सहितको संयूक्त दस्तखतमा खोलिएको समुहको बैक खातामा जम्मा गरिनेछ । खातामा जम्मा गर्दा पहिलो किस्ता बापत ५० प्रतिशत रकम जम्मा गरिनेछ ।बाँकि रकम भेरिफिकेशन र कार्य सम्पन्न भइ सकेपछि मात्र दिइनेछ ।
३. पहिलो पक्षबाट तोकिएको प्राबिधिक बिषयबस्तुलाई दोस्रो पक्षले अनिबार्य रुपमा पालना गर्नु पर्नेछ ।
४. पहिलो पक्षबाट प्राप्त अनुदानलाई दोस्रो पक्षले कम्तिमा ५ वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाइने छैन । यदि त्यस्तो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कार्बाही गरिने छ ।व्यवसायबाट उत्पादित बस्तुको बजार व्यवस्ता दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।
५. पहिलो पक्षले नियमितरुमा दोस्रो पक्ष ( अनुदान रकम पाउने) को अनुगमन गर्नेछ ।
६. दोस्रो पक्षले मासिक/ चौमासिक प्रगति प्रतिबेदन रिपोर्ट नियमित रुपमा पशु सेवा शाखालाई दिनु पर्नेछ ।
७. सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि भवितब्यको पुर्ण जिम्वेवारी दोस्रो पक्ष स्वायम हुनुपर्नेछ ।
८. गाउँपालिका वा पशु सेवा शाखाले आवश्यक ठानेमा अन्य विषयबस्तु थपहुन सक्नेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| गाउँपालिका वा पशु सेवा शाखा तर्फबाट | श्री .............. भेडापालक कृपक समुहको तर्फबाट |
| नामः- | नामः- |
| पदः- | पदः- |
| दस्तखत | दस्तखत |
| मितिः- | मितिः- |
| छाप | छाप |